# अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक बर्ष २०७९/०८० को
# तेस्रो चौमासिक अर्न्तगतको सार्वजनिक कार्यक्रमको
# प्रतिवदेन




प्रस्तुतकर्ता : दीपक श्रेष्ठ (पत्रकार)

समन्वय संस्था : सोच नेपाल मिडिया

प्रतिवेदन पेश गरिएको कार्यालय : अजिरकोट गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय, भच्चेक गोरखा

मिति : २०८० असार ३२ गते

# अजिरकोट गाउँपालिका गोरखाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम प्रतिवेदन

कार्यक्रमको नाम : सार्वजनिक सुनुवाई ( आ.व २०७९/०८०) तेस्रो चौमासिक

- बिषय : गाउँपालिकाले गरेका बिकास निर्माण योजना, कार्यक्रम र सेवाप्रवाह
- सम्बन्धित कार्यालय : अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय
- मिति : २०८० असार २७ गते
- स्थान : अजिरकोट गाउँपालिकाको कार्यालय गोरखा
- सहजकर्ता : दिपक श्रेष्ठ
- समन्वय संस्था : सोच नेपाल मिडिया एण्ड एड्भटाइजिङ्ग प्रा.लि
- आबद्ध संस्था : रा.स.स/ रेडियो मनासलु/ नागरिक सवाल डटकम
-

## १. संक्षिप्त जानकारी (Brief information)

गाउँपालिका भित्र भएगरेका विकासका निमार्णका कार्यक्रमहरु तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनका साथै सेवा प्रदायक निकायलाई सेवाग्राही प्रति जिम्मेवार जवाफदेही बनाउदै गाउँपालिकाले गरेका काम र सेवा प्रवाहप्रति नागरिकहरुको धारणा बुझ्न, गुनासो सुन्नका लागि अजिरकोट गाउँपालिका कार्यालयले चालु आर्थिक बर्ष २०७९/०८० को तेस्रो चौमासिक कार्यक्रम अर्न्तगत तेस्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रम सम्पन्न गरेको हो । यस सार्वजनिक सुनुवाईको माध्यमबाट सेवा प्रदायक र सेवाग्राही बीचको विकास कार्य वा सेवा प्रदानको अन्तर सम्बन्धलाई पारदर्शी तवरबाट बलियो बनाउन मात्र नभएर विकासको गतिलाई अगाडी लैजान समेत टेवा पुगेको छ । अजिरकोट गाउँपालिकाले आफु र आफ्ना मातहतका विभिन्न कार्यालयहरुले प्रवाह गरेको सेवा तथा सम्पादित कार्यक्रमहरुको प्रभावकारिता र सेवाको विद्यमान अवस्थालाई मुल्याङ्कन गर्न सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरेको हो ।

## २.महत्व (Improtance) :

गाउँपालिकाले के के काम गरिरहेको छ र ति कामहरुको प्रभावकारिता कस्तो छ भन्ने बिषयमा जान्न पाउनु बुझ्न पाउनु आमनागरिकहरुको अधिकार नै हो । स्थानीय तहहरुलाई जनता प्रति उत्तरदायी र जनमुखी बनाउन, भ्रष्टाचार न्युनीकरण गर्न, विकास निर्माणको कार्यमा जनसहभागिता बढाउन, सामुहिक निर्णय बाट काम गर्ने संस्कारको बिकास गराउन र मानव स्रोत तथा सामाजिक भावनाको विकास गर्नका लागि सार्वजानिक सुनुवाईको महत्व बढी रहेको छ । त्यसवाहेक सार्वजनिक सुनुवाईको निम्न उद्देश्यहरु राखिएका छन् ।

क) गाउँपालिका मतहातको कार्यालयहरु बाट प्रवाह हुने सेवाहरु बारे सरोकारवाला नागरिकहरुलाई सचेतना अभिवृद्धि गर्न ।

ख) गाउँपालिकाले गरेको बिकास निर्माणका साथै अन्य बिभिन्न क्रियाकलापहरुका सवालमा सरोकारवाला नागरिकहरुप्रति जवाफदेहिता अभिवृद्धि गर्न ।

ग) गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहहरुमा सेवाग्राहीहरुको सहभागितामा वृद्धि गर्नु ।

घ) गाउँपालिका कार्यालयको हरेक प्रकारका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी बनाउन ।

ङ) सेवाग्राहीलाई हक अधिकार जवाफदेही निकाय र पदाधिकारीलाई सजक तथा जिम्मेवार बनाउन ।

च) सेवा प्रदायक निकाय निकाय सेवाग्राही बिचको खाडल कम गर्न ।

## ३.बिषयबस्तु (Subject matter):

अजिरकोट गाउँपालिकाको आयोजना तथा सोच नेपाल मिडिया एण्ड एड्भटाइजिङ्ग प्रा.लिको आयोजनामा मिति २०८० साल असार २७ गतेका दिन गाउँपालिकाको चालु आर्थिक बर्ष २०७९/०८० को तेस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । गाउँपालिकाले सञ्चालन गरेका बिभिन्न योजना, नीति निर्माण र तिनको कार्यान्वयनको अबस्था र गाउँपालिका कार्यालय तथा मातहतका अन्य कार्यालयले प्रदान गर्ने सेवा प्रवाहका बारेमा नागरिकहरुको सुझाव गुनासो र जिज्ञासाहरु संकलनका गर्दै गाउँपालिकाले गरेका कामका बिषयमा गाउँपालिका भित्रका नागरिकहरुलाई सुसुचित गराउन सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो । अजिरकोट गाउँपालिकाका अध्यक्ष श्री दीपक देवकोटाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा गाउँपालिकी उपाध्यक्ष श्री अनिता भुजेल, प्रमुख प्रसासकिय अधिकृत श्री नवराज अवस्थी, बिभिन्न वडाका वडाध्यक्षहरु, गाउँ कार्यापालिकाका सदस्यहरु, गाउँपालिकाका बिभिन्न कार्यालयका शाखाका प्रमुखहरु, वडा सदस्यहरु, अन्य सरोकारवालाहरु तथा गाउँपालिका भित्रका नागरिकहरु गरी करिब ६७ भन्दा बढिको सहभागिता रहेको थियो ।

सार्वजनिक सनुवाई कार्यक्रमको पहिलोखण्डमा कार्यक्रमको उद्घाटन, दोस्रो खण्डमा गाउँपालिका अध्यक्ष श्री दीपक देवकोटाद्धारा पालिकाले सञ्चालन गरेका बिभिन्न बिकास निर्माणका आयोजना तथा प्रमुख प्रसासकिय अधिकृत श्री नवराज अवस्थीले गाउँपालिका प्रदान गर्दै आएको सेवा प्रवाह लगायतका बिषयमा जानकारी प्रदान गर्नुभयो । कार्यक्रमको तेस्रो खण्डमा जिज्ञासा/प्रतिकृया संकलन एवम प्रश्नोत्तर र चौथो समापन गरि चार भागमा विभाजन गरि कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रम दिनको ठिक ११:३० बजेदेखि शूरु भई ४:०० बजेसम्म गरि ४:३० घण्टामा सम्पन्न भएको हो । कार्यक्रममा स्थानीय तथा सेवाग्राहीले उठाएका जिज्ञासा एवम प्रश्नको गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, वडाध्यक्ष एवम सम्बन्धित शाखाका प्रमुख एवँम प्रतिनिधिले जवाफ दिनुभयो ।

## ४.कार्यक्रमको उदेश्यहरु (Objectives of Program):

- गाउँपालिकाले गरेका बिकास निर्माण र योजनाहरुको पारदर्शिताका लागि
- सुशासनका र पारर्दशिता
- विश्वसनियताका लागि

- ➢ कार्यक्रमको प्रभावकारिता परिक्षणका लागि
- ➢ सेवाग्राहीको जिज्ञासा एवम प्रतिकृयाका संकलनका लागि
- ➢ कार्यलयको प्रवाह गरेको सेवा सुबिधाको बारेमा गुनासो तथा सुझाव संकलनका लागि
- ➢ अनाबश्यक भ्रम हटाउनका लागि

## ५. कार्यक्रममा संकलन भएका जिज्ञासा/प्रश्न/प्रतिकृया र सुझाव (Inquiries, Questions, Responses and suggestions collected in the program)

गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुले गाउँपालिकाले सञ्चालन गरेका बिकास निर्माणका कामका साथै गाउँपालिकाले कृषकहरुलाई बितरण गरेको हाते ट्याक्टर, शिक्षा क्षेत्रमा गाउँपालिकाले गरेका काम, स्वास्थ्य क्षेत्र अर्न्तगत औषधी वितरण, गाउँपालिका उपाध्यक्षको कोषेली कार्यक्रमको कार्यान्वयन लगायत बाटोघाटो निर्माणको बिषयमा प्राथामिकता दिएर चासो राखेका थिए । कार्यक्रममा प्राप्त भएका प्रतिनिधिमुलक जिज्ञासा, प्रश्न, प्रतिकृया एवम सल्लाह सुझाव यस प्रकार रहेका छन् ।

- शर्मिला लामिछाने (शिक्षिका )

  ❖ इसिडी कक्षाका लागि गाउँपालिकाले छुट्याएको बजेट पर्याप्त भएन ?

  ❖ दिवाखाजा कार्यक्रमका लागि पन्ध्र रुपैयाले स्वस्थकर खाजा उपलब्ध गराउन विद्यालयलाई कठिन भयो गाउँपालिकाले थप बिनियोजन गर्न मिल्छ की मिल्दैन ?

  ❖ विद्यालयहरुमा प्रशासनिक कार्य गर्न गाह्रो छ । सामान्य फोटोकपी गर्न २ घण्टा धाउनुपर्ने बाध्यता छ ।

  ❖ खोलाले गाउँ जोखिममा परेको अबस्था छ त्यसलाई कसरी समाधान गर्न सकिन्छ ?

- निर्मला परियार (अजिरकोट गाउँपालिका वडा नम्बर २ )

  ❖ मेरो नातिनी जन्मिएको २० बर्ष पुग्यो तर नागरिकता बनेको छैन नागरिकता नबन्दा सुत्केरी बापतको गाउँपालिकाले उपलब्ध गराउने सेवा सुविधा प्राप्त गर्न सकेको छैन अब मेरो नातिनीले सेवा सुविधा लिन के गर्नुपर्छ ?

- कृष्णप्रसाद अधिकारी (अजिरकोट गाउँपालिका, ३ हंसपुर) :

  ❖ गाउँपालिकाले पालिका भित्रको शैक्षिक सुधारमा राम्रो काम गरेको छ अवको आर्थिक बर्षमा गाउँपालिका भित्रका सडक बाह्रै महिना चल्ने बनाउन सक्नुपर्छ भन्ने सुझाव छ ।

- कृष्ण अधिकारी (अजिरकोट गाउँपालिका ५ कुसुण्डे)

  ❖ गाउँपालिकाले बिनियोजन गरेको योजनाको अनुगमन हुन्छ तर अनुगमन समितिको हस्ताक्षर नहुदा भुक्तानी गर्न कठिनाई भोग्दै आउनु परेको छ त्यो किन भयो ? अब त्यस्तो नहोस् भन्ने सुझाव छ ।

  ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बजेटले सडक हेरालु राखे सडक मर्मत गर्न सजिलो हुने हुदाँ हेरालु राख्न सुझाव छ ।

  ❖ विरुवाहरु बितरण गर्दा परिवार र आवश्यकता अनुसार भएको छैन त्यस तर्फ गाउँपालिकाले बिशेष ध्यान पुर्‍याओस् ।

  ❖ पालिका भित्रका बाँझो जमिनको पहिचान गरी कृषकहरुलाई प्रोत्साहन हुने खालका कार्यक्रम गाउँपालिकाले ल्याउनुपर्छ ।

  ❖ भच्चेक स्वास्थ्य केन्द्रमा थप सेवा सुविधाको व्यवस्था गर्न सभुाव, औषधी वितरणमा समस्या भएकाले त्यसलाई मिलाउन सुझाव

  ❖ गाउँपालिका भित्र रहेका एम्बुलेन्सको प्रयोग कसरी भएको छ त्यसको जानकारी माग

  ❖ जंगली जनावरले खेतीबाली नष्ट गरेको छ त्यसलाई कसरी रोक्न सकिन्छ गाउँपालिकाले योजना बनाओस् ।

- उपेन्द्र अधिकारी (अजिरकोट गाउँपालिका)

  ❖ कृषकहरुलाई मलको समस्या भयो कहिले हुन्छ मलको व्यवस्था ।

  ❖ गाउँपालिकाको फोहोर व्यवस्थापनको योजना कस्तो छ ?

- तयाराज गुरुङ (अजिरकोट गाउँपालिका)

  ❖ गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रम गर्दा संघसंस्थाका प्रतिनिधिहरुलाई पनि बोलाएको भए अझै राम्रो हुन्थ्यो भन्ने सुझाव ।

  ❖ गएको ५ बर्ष अघिल्लो सरकारले नीति नियम बनाउदैमा गएकाले अबको ५ बर्ष विकास निर्माणको काम गरेर अघि बढ्न गाउँपालिकालाई सुझाव ।

  ❖ सवै विद्यालयहरमा इसिडी कक्षा राख्न सुझाव ।

  ❖ भच्चेक स्वास्थ्य केन्द्रमा सर्वसाधारण जाँदा औषधी छैन भन्ने र पहुँचवाला व्यक्ति जाँदा औषधी दिने गरेको भन्ने गुनासो आएको छ त्यो कसरी भयो ?

  ❖ हाते ट्याक्टर वितरणमा गुनासो आएको छ त्यसको जानकारी माग ।

- पार्वती रेग्मी दुवाडी (अजिरकोट गाउँपालिका)

- ❖ पोषण सुधारका लागि दिएको अण्डा राम्रो नभएको गुनासो ।
- ❖ प्रोत्साहन रकम पाउन किन ढिलाई भएको हो ?
- ❖ महिला शशक्तिकरण कार्यक्रममा किन गाउँपालिकाले जोडदिन सकेको छैन ?
- ❖ वडा नम्बर ३ लाई स्याउको पकेट क्षेत्रको रुपमा जोडदिन सुझाव ।
- ❖ उत्पादनमा जोडदिन सुझाव

- भरत धिताल (अजिरकोट गाउँपालिका)
  - ❖ जनप्रतिनिधि र कर्मचारीको मेलमिलाप देखिएको छैन भन्ने गुनासो ।
  - ❖ पालिका भित्रका कर्मचारी र जनप्रतिनिधिका बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गर्ने कार्यक्रमको प्रभावकारिता कस्तो भयो ?
  - ❖ गाउँपालिका कृषि शाखाले बिरुवा बाड्ने गरेपनि प्रतिफल भने नआएको गुनासो ।
- दीपक बिश्वकर्मा (अजिरकोट गाउँपालिका)
  - ❖ एकल महिला अतिबिपन्न र न्युन आय भएकाको सवालमा गाउँपालिकाले के गर्दै आएको छ र आगामी आर्थिक बर्षमा पालिकाले दलित समुदाय प्रति लक्षित गरेर कस्तो कार्यक्रम ल्याउन लागेको छ ?

- देवराज धिताल (अजिरकोट गाउँपालिका वडा नम्बर २ )
  - ❖ अलैचीको बिरुवा उत्पादनमा गाउँपालिकाले अनुदान दिन मिल्छकी मिल्दैन ।
  - ❖ माग अनुसार अलैचीको बिरुवा पाइएन भन्ने गुनासो ।

- कुमार तामाङ (अजिरकोट गाउँपालिका वडा नम्बर २ )
  - ❖ कच्ची सडकको कुनामा कुलेसो काट्ने चलन नहुँदा समस्या भयो यस तर्फ गाउँपालिकाले ध्यान देओस् ।
  - ❖ जंगली जनावरलाई घाइते बनाउने प्रबृति रोक्नु पर्‍यो ।
- बुद्धिबहादुर बि.क (अजिरकोट गाउँपालिका वडा नम्बर ५ मुच्चोक )
  - ❖ गाउँपालिकाले आयआर्जन मूलक योजना ल्याओस्, बाह्रै महिना यातायात चल्न गरी सडक निर्माण गरोस्, शिक्षकहरुलाई बिशेष प्रोत्साहन दिइयोस् ।

## ६.सक्षेपमा सहभागीको प्रतिक्रिया (Summarize the participant's response):

सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागीहरुले गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको सुधारको प्रंससा गरेका थिए भने कृषि बालीमा जंगली जनावरले पुर्‍याउने क्षति नियन्त्रणको व्यवस्था गर्न

गाउँपालिकालाई सुझाव दिएका थिए । त्यस्तै पालिका भित्रका सडकहरुमा बाहै् महिना सवारी साधन चल्ने बनाउन सहभागीहरुको जोडदार माग थियो ।

**सार्वजनिक सुनुवाईका निर्णयहरु......**

१. गाउँपालिकाको विषयगत कार्यालयहरु र विषयगत कार्यालयहरुले आ.ब २०७९/०८० को तेस्रो चौमासिकमा गरिएका कामहरुको समिक्षा गरियो ।

२.सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत उठेका नागरिकहरुको मागलाई सम्बोधन गर्दै जाने र सुझावहरुलाई व्यवस्थित गरी योजनाहरु निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरियो ।

## ७. निष्कर्ष (Conclusiton)

सार्वजनिक सुनुवाई कार्यक्रमले गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आफ्नो कर्तव्य प्रति जिम्मेवार बनाउन मात्र नभई नागरिकलाई सामाजिक जवाफदेहिता अभिवृद्धि गर्नका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । साथै आमनागरिकलाई आआफ्नो कर्तव्यका बिषयमा पनि जिम्मेवार बोध गराउन सफल भएको छ । सार्वजनिक सुनुवाईले नागरिकहरुको प्राथामिकताका बिषयका बारेमा स्थानीय सरकारलाई सुझाव प्राप्त भएको छ । तसर्थ सार्वजनिक सुनवाईबाट नागरिकको गुनासोको समाधान मात्र नभई समाजमा रहेका भष्ट्राचारको न्युनिकरण, सुशासनको व्यवस्था बिस्तारै लागू हुदैं जानेछन ।

धन्यवाद !!!

# अजिरकोट गाउँपालिकाको तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रमका केही झलकहरु












**प्रतिवेदन प्रस्तुतकर्ता : राजेश पौडेल**

**मिति २०८०/०३/२७**

# नागरिक प्रतिवेदन

अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्ष २०७९/०८० को तेस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको नागरिक प्रतिवेदनको सारसंक्षेपमा यहाँहरु माँझ प्रस्तुत गर्न चाहान्छु ।

अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्षको तेस्रो चौमासिक कार्यक्रम अर्न्तगतको सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको नागरिक प्रतिवेदन फारमका आधारमा तयार पारिएको प्रतिवेदनको सारसंक्षेप यस्तो रहेको छ । प्रतिवेदनका लागि ५२ वटा फाराम अजिरकोट गाउँपालिका भित्रका बिभिन्न वडाहरुमा पुगेर भरिएको थियो ।

जसका लागि वडा नम्वर ३ लाई विशेष फोकस गरिएको थियो । वडा नम्वर ३ को अलावा गाउँपालिकाको वडा नम्बर १, वडा नम्बर २ र वडा नम्बर  ५ नम्बर वडाका विभिन्न पेशा व्यवसाय र बिभिन्न क्षेत्रमा संलग्न व्यत्तित्वहरुलाई नागरिक प्रतिबेदन फारम भराइएको थियो ।

फाराम भर्ने ५२ जना मध्ये लिङ्गका आधारमा १७ महिला र ३५ पुरुषहरु सहभागी भएका थिए । शैक्षिक हिसावले फाराम भर्न सहभागी भएका मध्ये ९ जना साक्षर, २९ जना प्रबेशिका उत्तीर्ण, ८ जना १२ कक्षा उत्तीर्ण र ६ जना सो भन्दा बढी अध्ययन गरेको पाइयो । नागरिक प्रतिवेदन फाराम भराइएका मध्ये जातिय हिसाबले २३ जना ब्राम्हण, ९ जना क्षत्री, र १५ जना जनजाति र ५ जना दलित समुदायका व्यक्तिहरु थिए । उमेर समुहका हिसावले २० वर्ष भन्दा कम उमेर समुहका ९ जना सहभागी भएका थिए । यो त भयो सहभागीताको कुरा अव प्रतिवेदनको सारस्वरुपमा प्रस्तुत गर्दैछु ।

नागरिक प्रतिवेदन प्रश्नावली भाग १ अर्न्तगत सन्तुष्टी र असन्तुष्टीमा धेरै जसो सेवाग्राहीले कार्यालयबाट आफुले ठिकै सेवा पाएको बताएका छन् । प्रश्नावलीमा सहभागी भएका मध्ये ४० प्रतिसतले सन्तुष्ठ रहेको र ६० प्रतिसतले ठिकै सन्तुष्ट रहेको बताएपनि असन्तुष्ट भने कोही भएको पाइएन । सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति भने ६८ दशमलव ६० प्रतिसतले सुन्तष्ट रहेको, उल्लेख गरे भने २५ दशमलव ४० प्रतिसतले कार्यालयका कर्मचारीको व्यवहार ठिकै भएको बताएका छन् । त्यस्तै ५ प्रतिसतले भने कर्मचारीको व्यवहार प्रति असन्तुष्ट रहेको बताए । नागरिक प्रतिवेदन फारम भरेका मध्ये १४ प्रतिसत सहभागीहरुले जनप्रतिनिधिहरुले नागरिकहरुलाई सन्तुष्ठ बनाउने गरी काम गर्न नसकेको बताए भने ७४ प्रतिसतले आफूहरु सन्तुष्ट नै रहेको उल्लेख गरेको पाइयो । सहभागी भएका मध्ये १२ प्रतिसतले जनप्रतिनिधिहरुको काम सन्तोष जनक बताएका छन् ।

कार्यालयका कर्मचारीहरुको उपस्थिती अधिकासंले ठिकै रहने गरेको उल्लेख गरेका छन् भने केहीले खोजेका बेला कर्मचारी भेट्न नसकिने गरेको गुनासो गरेको पाइयो । सार्वजनिक चासो तथा समस्या सामाधानका लागि कार्यालयबाट औसतमा प्रक्रियागत रुपमा वढी दिन लाग्ने गरेको भन्ने

सहभागीहरुको गुनासो छ । नागरिक बडापत्रमा उल्लेख भए अनुसार सेवामा लाग्ने समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा २० दशमलव ५० प्रतिसतले सन्तुष्ट रहेको बताएपनि ७० दशमलव ५० प्रतिसतले भने ठिकै मात्र सन्तुष्ट रहेको बताएका छन् । यस कोलममा सहभागी मध्ये ९ प्रतिसतले भने वडापत्रमा उल्लेख भए अनुसारको समयमा सेवा पाउन नसकेको उल्लेख गरेका छन् ।

नागरिक प्रतिवेदनमा सहभागीहरुले गाउँपालिकाले प्रवाह गर्ने सूचना जानकारीहरु समयमा आफुहरुले पाउन नसकेको धारणा छ । त्यसमा कतिपयले कार्यालयको सेवाप्रवाह र सूचना पाएपनि अस्पष्टता हुने गरेको समेत बताएका छन् । तर अधिकांसले के कारणले सूचना अस्पस्टता भएको हो भन्ने बारेमा भने उल्लेख गरेको पाइएन ।

नागरिक प्रतिवेदन पत्रको फारम भरेकाहरुले कार्यालयमा एउटै कामको लागि पनि पटक–पटक धाउनु पर्ने अबस्थाको अन्त्य अझै नभएको बताएका छन् । कार्यालयको भौतिक पक्ष कस्तो छ भन्ने कोलममा धेरैले गाउँपालिकाको कार्यालयको भौतिक पक्ष राम्रो भएको बताए । सेवाग्राही र कार्यालय बिचको सम्बन्ध भने सुमधुर हुन नसकेको नागरिक प्रतिवेदन फारम भरेका ५५ प्रतिसत सहभागीको मत छ ।

नागरिक वडापत्रको बारेमा ८५ प्रतिसत सहभागीहरुलाई जानकारी भएको बताएका छन् भने त्यसको पनि ३४ सहभागीले मात्र नागरिक वडापत्र हेरेर काम गर्ने गरेको बताए । त्यस्तै कार्यालयमा भित्र उजुरी पेटिका बारेमा भने धेरैले आफुहरुलाई थाहा नै नभएको उल्लेख गरेका छन् । नागरिक प्रतिवेदनका फारम भरेका मध्ये ७ प्रतिसतले सेवा लिन जाँदा एकदमै कम अतिरिक्त शुल्क तिर्नुपरेको बताएका छन् भने ९३ प्रतिसतले अतिरिक्त शुल्क नतिरेको बताए ।

त्यस्तै सिफारिसका लागि चाहिने आबश्यक कागजातका बारेमा झण्झट व्यहोर्नु परेको केही सहभागीको मत छ भने धेरैले सिफारिसका लागि चाहिने कागजातका बारेमा आफूले ठिकै मात्र जानकारी पाएको उल्लेख गरेका छन् । सिफारिसका लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम तिर्नुपर्‍यो कि परेन भन्ने प्रश्नमा ७ प्रतिसतले तिरेपछि मात्र काम भएको भनेर प्रतिवेदन फारममा उल्लेख गरेको पाइयो । ९३ प्रतिसतले भने सिफारिसका लागि आफूहरुसंग अतिरिक्त शुल्क मागिएन पनि र दिइएन पनि भन्ने कोलममा रोजा लगाएका थिए ।

कार्यालयमा सेवा लिन जाँदा ७० प्रतिसतले आफैले काम गर्ने गरेको बताएका छन् भने ३० प्रतिसत सहभागीले मध्यस्थकर्ता वा कार्यालयको मान्छेबाट सहयोग लिने गरेको बताए । कार्यालयको सरसफाईको अबस्था धेरैले ठिकै भएको बताए भने केहीले राम्रो रहेको उल्लेख गरेका छन् । गाउँपालिकाको बिकास निर्माणको स्थिती कस्तो छ भन्ने प्रश्नमा फारम भराइएका मध्ये ६५ प्रतिसतले बिकास निर्माणको अबस्था राम्रो रहेको बताए भने ३५ प्रतिसतले ठिकै रहेको उल्लेख गरेपनि खराब नै रहेको भन्नेमा कसैको मत रहेको पाइएन । त्यस्तै गाउँपालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारिता राम्रो भएको नागरिक प्रतिवेदन फारम भरेका धेरैको मत रहेको पाइयो । केही सहभागीहरुले भने पहिलेको तुलनामा थप प्रभावकारी भएको उल्लेख गरेका छन् । यसको अलावा प्रतिवेदनका लागि फाराम भर्ने दौरानमा कतिपयको गुनासो यस प्रकार देखियो ।

- गाईभैसीमा लाग्ने लम्पी स्किन रोग उपचारका लागि गाउँपालिकाले पशु चिकित्सकहरुलाई वडा वडामा पठाउने व्यवस्था गरियोस् र औषधी व्यवस्था गरियोस ।
- बडापत्रमा तोकिए अनुसार काम नभए दण्ड जरिवानाको व्यवस्था गरियोस् ।
- योजनाहरुको प्रभावकारी अनुगमन गरियोस् ।
- समयमा काम हुन नसकेको अबस्थामा काम किन हुन सकेन भनेर स्पस्ट जानकारी दिने व्यवस्था गरियोस् ।
- सार्वजननिक सुनुवाई, जस्ता सार्वजनिक ठाउँमा गरेका प्रतिबद्धतालाई कार्यन्व्यन गर्ने गरियोस् ।

**धन्यवाद**

**प्रतिवेदन प्रस्तुतकर्ता : अस्मिता सिंखडा**

**मिति २०८०/०३/२७**

## वहिर्गमन अभिमत

अजिरकोट गाउँपालिका गोरखाको चालु आर्थिक वर्ष २०७९/०८० को तेस्रो सार्वजनिक सुनुवाई कार्यक्रमका लागि भरिएको वहिर्गमन अभिमतको रिपोर्ट यहाँहरुमाझ पढेर सुनाउन चाहन्छु । अजिरकोट गाउँपालिकाको कार्यालयबाट सेवा लिएर फर्किएका तथा कार्यालयबाट सेवा लिएका विभिन्न ५० जना व्यक्तिहरुलाई भेटेर बहिर्गमन अभिमत फारम भराइएको थियो ।

जसमध्ये लिंगका आधारमा १२ महिला र ३८ पुरुषहरु सहभागी भएका थिए । शैक्षिक हिसावले फारम भर्न सहभागी भएका ५० मध्ये ७ जना साक्षर, ३४ जना प्रवेशिकासम्म शिक्षा प्राप्त गरेका र वाँकी ९ जना प्रबेशिका तहभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेका नागरिकहरु रहेका थिए ।

वहिर्गमन अभिमत भराएका ५० मध्ये जातीय हिसावले १९ जना व्राम्हण, ९ जना क्षेत्री, १७ जना जनजाति समुदायका रहेका थिए भने ५ जना दलित समुदायका रहेका थिए । उमेर समुहका हिसावले २० वर्षभन्दा कम उमेर समुहका जना ९ जना र २० बर्ष भन्दा माथिका ४१ जना सहभागी भएका थिए ।

वहिर्गमन अभिमतमा सहभागी धेरै जसोले बहिर्गमन फारममा योजनाको रकम भुक्तानीको काम लिएर कार्यालयमा पुगेको उल्लेख गरेका थिए भने केहीले दर्ता नवीकरणका लागि पुगेको, केहीले योजनाको माग गर्न कार्यालयमा पुगेको बताएका थिए । फराम भरेका मध्ये १९ जनाले भने अन्य कुनै कामका लागि कार्यालयमा पुगेको भनेर फारममा उल्लेख गरेको पाइयो । उनिहरु मध्ये अधिकासंलाई कार्यालय पुग्दा आफ्नो काम कुन शाखाबाट गर्ने वा को संग लिने भन्नेमा आफूहरु सुरुमा नै अलमलमा पर्ने गरेको उल्लेख गरेका थिए । बहिर्गमन फारम भरेका मध्ये थोरै मात्र सेवाग्राहीले कर्मचारीले सेवाग्राहीको अपेक्षा बुझ्केको प्रतिक्रिया जनाएका छन् ।

सेवा दिने कर्मचारीको व्यवहार प्रति अधिकांशको प्रतिक्रिया ठिकै रहेको भनेपनि ७ प्रतिसतले भने कर्मचारीहरुले अभ्रद र अमर्यादित व्यवहार देखाएको बताए । ४६ प्रतिसत सहभागीहरुले भने कर्मचारीको व्यवहार अत्यन्त मिलनसार रहेको उल्लेख गरेका छन् ।

फारम भराइएका मध्ये ५५ प्रतिसतले सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु, कागजात, शुल्क दस्तुरमा स्पस्ट हुनेगरी जानकारी पाउन नसकेको गुनासो छ । ३५ प्रतिसले सेवा दिने कर्मचारीले आफुहरुलाई

सहयोग गरेको र स्पस्ट पारिएको बताएपनि १० प्रतिसत सहभागीले भने कर्मचारीहरुले अलमल हुनेगरी अस्पष्ट सूचना दिएको गुनासो गरे ।

फाराम भराएका सेवाग्राही मध्ये ४९ प्रतिसतले आफूहरुको समस्या कर्मचारीले व्यवहारिक हिसावले नसुनेको गुनासो पोखेका छन् । कार्यालयहरुबाट सेवा प्रदान गर्न अपनाइएको प्रक्रिया लामो र झन्झटिलो भएको अधिकांशको प्रतिक्रिया छ भने थोरैले मात्र ठिकै भनि प्रतिक्रिया दिएका छन् ।

कार्यालयको कुन कुन पक्ष राम्रो लाग्यो भन्ने विकल्पमा धेरै जसोले कर्मचारीहरुको सरल पक्ष मन परेको बताएका छन् । सहभागी मध्ये करिब ४६ प्रतिशतले भने कर्मचारीको सुझाव सल्लाह दिने पक्ष राम्रो लागेका भनी उल्लेख गरेका छन् ।

सुधार गर्नुपर्ने विषयहरु के के छन् भन्ने कोलममा धेरैजसो सहभागीले कर्मचारी र जनप्रतिनिधिहरुले आफुहरुको समस्यालाई व्यवहारिक हिसावले पनि बुझिदिनुपऱ्यो भन्नेमा जोड छ । फारम भरेका मध्ये धेरैले गाउँपालिकाले शिक्षा, स्वास्थ्यमा अहिले राम्रो सुधार गर्दै गएको, विकास निर्माणका कामहरु अघिल्ला बर्षहरुभन्दा प्रभावकारी ढंगबाट अघि बढिरहेको प्रतिवदेन फारमको राम्रा लागेको कुराहरु के के हुन् भन्ने कोलमा उल्लेख गरेका छन् । सोही फारमको सुधार गर्नुपर्ने पक्षमा कार्यालयले सिपमूलक तालिम सञ्चालन गरेपनि तालिमलाई व्यवहारमा कार्यान्वयन गर्ने पक्ष कमजोर रहेकाले त्यसलाई सुधार गर्नुपर्नेमा जोड दिएका छन् । सुधारका लागि दिइएको केही स्मरिणय र उल्लेखिनिय सुझावहरु बुँदागत रुपमा राख्न चाहन्छु ।

- ❖ कार्यालयमा पुगेका सेवाग्राहीलाई अलमल्याउने भन्दा समयमा सेवा प्रदान गर्ने गरियोस् ।
- ❖ सेवाप्रवाहमा ढिलासुस्ती गर्ने प्रवृतिको अन्त्य गरियोस् ।
- ❖ कार्यालयमा पुग्ने सवै सेवाग्राहीहरुलाई समान व्यवहार गर्ने गरियोस् ।
- ❖ सेवाग्राहीहरुको समस्या र गुनासो सुनिदिने छुट्टै कर्मचारीको व्यवस्था गरियोस् ।
- ❖ प्रक्रिया लामो र झन्झटिलो भएकोले सहज र सुलभ होस् ।
- ❖ गाउँपालिकालाई पेपरलेस गाउँपालिकाको रुपमा बिकास गर्ने गरि योजना निर्माण गरियोस् ।
- ❖ टोल बिकास संस्थाहरुसंगको छलफललाई जोड दिईयोस ।

**धन्यवाद**